# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ संख्याः ०७ मितिः २०८१/१०/२२


### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।१९

**प्रस्तावनाः**

सामाजिक मूलधार भन्दा बाहिर रहेका, विपन्न, विभेदित ग्रामीण महिलाहरूको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ महिला र बालबालिकाहरुको जीवनमा परिवर्तन ल्याउन, महिलाको हातमा आर्थिक स्रोत अपरिहार्य हुन्छ भन्ने मनन गरी महिला लक्षित बजेट निश्चित कार्यविधि अनुरुप लक्षित वर्गसम्म लैजान मार्गदर्शनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिका सम्झनु पर्दछ ।

ख) **"महिला बालबालिका तथा समाजकल्याण इकाई"** भन्नाले मायादेवी गाउँपालिकाको महिला बालबालिका तथा समाजकल्याण इकाई सम्झनु पर्दछ ।

ग) **"कार्यविधि"** भन्नाले **"महिला विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** सम्झनु पर्दछ ।

घ) **"कार्यक्रम"** भन्नाले महिला विकास कार्यक्रम सम्झनु पर्दछ ।

ङ) **"सेवा"** भन्नाले महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्ग सेवा सम्झनु पर्दछ ।

च) **"समूह"** भन्नाले मायादेवी गाउँपालिका भित्र कम्तिमा २० जना सदस्य भइ निश्चित उदेश्यका साथ नियमित रुपमा मासिक बैठक र छलफल गर्ने सक्रिय मानिसहरुको समूह सम्झिनु पर्दछ ।

छ) **"सहकारी"** भन्नाले मायादेवी गाउँपालिका भित्रका साविकमा डिभिजन सहकारी कार्यालय हाल मायादेवी गाउपालिकामा विधिवत रुपमा दर्ता भएको सक्रिय सहकारी सम्झनु पर्दछ ।

ज) **"लक्षित समूह"** भन्नाले मायादेवी गाउँपालिका भित्रका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, किशोरीहरु, ज्येष्ठनागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई सम्झनु पर्दछ ।

ङ) **"सिफारिस समिति"** भन्नाले दफा (३) मा भएको सिफारिस समिति सम्झनु पर्दछ।

## ३. कार्यक्रम लागू हुने स्थानः

क) कार्यक्रम संचालनः महिला विकास कार्यक्रम अन्तर्गतका विभिन्न महिला समूह, समिति, संस्था तथा मायादेवी गाउपालिकाको ८ वटै वडामा कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) कार्यक्रम सञ्चालन गर्दा गाउपालिका, वडा कार्यालय, उपभोक्ता समिति, लगायत अन्य सरोकारवालाहरुसँगको संलग्नतामा र सहकार्यमा सञ्चालन गरिनेछ ।

## ४. लक्षित समूह

क) महिला विकास कार्यक्रम ग्रामीण क्षेत्रका विपन्न महिलाहरुका लागि सञ्चालन हुनेछ । "विपन्न महिला" भन्नाले मायादेवी गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने देहायको मध्ये कुनै एक वा दुवै अवस्थाका महिलालाई जनाउँछः

ख) आफ्नो जग्गा जमीन वा नियमित आम्दानीबाट वर्षदिन खान नपुग्ने आर्थिक रुपमा बन्चित र

ग) विद्यालयतह सम्मको शिक्षा पूरा गर्न नपाएका शैक्षिक रुपमा बञ्चित । उल्लिखित एक वा दुवै अर्थमा वञ्चित २० वर्ष माथिका विपन्न महिलाहरु तर्फ महिला विकास कार्यक्रम लक्षित हुनेछ ।

## ५. कार्यक्रमको संचालन विचारः

### क) परिकल्पना

महिला विकास कार्यक्रमको परिकल्पना समतामूलक विभेद रहित सम्पन्न समुदाय निर्माण गर्ने रहेको छ ।

### ख) ध्येय

सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ÷ महिला विकास कार्यक्रमको ध्येय हो । अर्थात् विपन्नताकै अवस्थामा पनि महिलामा रहेको अभिकार्यलाई सार्थक बनाउँदै किनारामा रहेको अवस्थाबाट मूलप्रवाहमा पुग्न सदस्यहरुको गतिशिलतालाई बढवा दिने ध्येय कार्यक्रमको छ ।

### ग) मूल्य

सम्पूर्ण महिलाहरुको आर्थिक, सामाजिक विकास र परिकल्पनालाई साकार पार्न स्वावलम्बन, एकता, सहभागिता, समतालाई विश्वास गरी कार्यक्रमलाई अगाडि बढाईनेछ ।

## ६. कार्यक्रमको उद्देश्यः

### क) लैङ्गिक समताः

महिला विरुद्ध लगाइएका सम्पूर्ण अवान्छित छेकबारजन्य चलनको सबैले अवज्ञा गरिएको, महिलाका व्यावहारिक लैङ्गिक आवश्यकताको संवोधन भएको, घरपरिवार तथा समुदायमा सकारात्मक कार्य (Affirmative Actions) लाई बढवा दिइएको अवस्था सिर्जना गर्ने ।

### ख) प्रजनन स्वस्थताः

समूह सदस्य सबैलाई प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान भएको, आफ्ना समस्या बताउने अनि उपचार गराउने तत्परता रहेको र पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलताबाट उपचार प्राप्तिमा सहयोग पुर्याई प्रजनन स्वास्थ्यको समस्या समाधान गर्ने ।

**ग) जीवनोपयोगी शिक्षाः**

सबै विपन्न दिदी—बहिनीहरुले आफुलाई व्यक्त गर्ने अर्थात् आफूमा अन्तरनिहीत क्षमताको उजागर गर्ने, अर्काका कुरा सहि वा गलत के छ ? छुट्याउन सक्ने र विभिन्न परिस्थितिमा आफैं निर्णय लिने आत्मविश्वास बढाउने ।

**घ) पुगीसरी सम्पन्नताः**

सबै सदस्यहरुको वर्षैभरि खान पुग्ने आयस्रोत हुने, भैपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत हुने र विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत भएको अवस्थामा पुर्याउने ।

**ङ) संस्थागत सहभागिताः**

कहाँ के भैरहेको छ जानकारी लिन, बुझ्न बाहिरी सञ्चार कायम भएको, घर परिवारबाट समूह हुँदै वडा भरिका दिदी—बहिनीहरुसँगको विस्तारित साथ बनेको, सदस्यहरुले आवश्यकताअनुसार कहिले नेतृत्व लिने वा कहिले अनुयायित्व (Followership) बहन गर्दै नेतृत्वलाई घच्घच्याउने क्रियाशिलता सहित प्रत्येक विपन्न सदस्यले सामुदायिक सङ्गठनको सदस्यता प्राप्त गर्न सक्षम हुने परिपाटी बसाल्नुका साथै आफ्नो स्थानीय तहमा सक्रिय सहभागिता जनाउनु हो ।

## ७. कार्यान्वयन विधिः

क) पहिलो वर्ष एउटा बस्तीबाट कार्यक्रम शुरु गर्नु पर्नेछ । यसका लागि गाउँपालिकाको बैठकबाट निर्णय भएको कार्यक्षेत्रमा वडास्तरीय परामर्श बैठक राखि विपन्नताको अवस्था बढी भएको बस्तीमा कार्यक्रम केन्द्रीत गर्नु पर्नेछ । छनौट भएको वडाका विपन्न बस्तीका महिलाहरुको ५ देखि ७ जना सम्मको समूहमा सङ्गठित गरी यस्ता कम्तीमा ६ वटा समूह भएपछि गाउँस्तरीय समिति गठन गर्नु पर्नेछ । समिति गठनका साथ साथै समूहमा आवद्ध सबै सदस्यहरुका लागि कार्यालयबाट

अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । महिनामा कम्तीमा एक-एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने गर्नु पर्नेछ । सबै सदस्यहरुलाई आफ्नो क्षमता अनुसार मासिक रुपमा नियमित बचत गर्ने, सो बचतको परिचालन गर्ने कार्य पनि साथसाथै गर्नु पर्नेछ । यस बीचमा कार्यालयबाट पटक-पटक साथ सम्पर्क गरी सदस्यहरुलाई बैठक सञ्चालन र बचत परिचालन लगायतका क्रियाकलाप के कसरी गर्ने भन्ने बारेमा सहजीकरण गर्नु पर्नेछ ।

ख) दोस्रो वर्ष पहिलो बस्तीको समितिको समेत सहयोग लिई दोस्रो बस्तीमा कार्यक्रम विस्तार गर्नु पर्नेछ । पूर्ववत् समूह गठन, समिति गठन, समूह सदस्यको अनुशिक्षण, समूह, समितिको मासिक बैठक सञ्चालन, बचत परिचालन, साथ सम्पर्क र समूह कार्यमा सहजीकरण गर्नु पर्नेछ । पहिलो वर्षको बस्तीको गाउँ समितिमा समूह गतिशीलता अनुसार बीउपुँजी परिचालन, महिला-पुरुष समविकास तालिम, आधारभूत तालिम, साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

ग) तेस्रो वर्ष तेस्रो बस्तीमा कार्यक्षेत्र विस्तार गर्नु पर्नेछ । जस अनुसार नयाँ बस्तीमा पहिलो वर्षका क्रियाकलाप गर्ने, दोस्रो वर्षको बस्तीमा दोस्रो वर्षका क्रियाकलाप गर्ने र साथै पहिलो वर्षको बस्तीसँग सँगै दोस्रो वर्षको अनि नयाँ बस्ती समेत सगोलमा अग्रसरता उपयोगी नियमित क्रियाकलाप (जस्तै नेतृत्व तथा संस्थागत विकास तालिम, प्रजनन स्वास्थ्य सचेतना तालिम, रेखाङ्कन अभ्यास) सञ्चालन गर्न सकिनेछ । त्यसैगरी कुनै एक समितिमा व्यावसायिक समूह विकासका क्रियाकलाप लैजानुका साथै साथ सम्पर्क र समूह कार्यमा स्रोत सेवा निरन्तर जारी राख्नु पर्दछ ।

घ) चौथो वर्ष थप नयाँ बस्ती विस्तार सँगै अग्रणी बस्तीहरु समेतको सहयोगमा कम्तीमा पाँचवटा बस्तीमा कार्यक्षेत्र विस्तार भई सदस्यहरुको सक्रियतामा संस्था गठनको पहल गर्नु पर्नेछ । समूह विकासको क्रम हेरी चौथो वर्ष वा सो भन्दा पछि कम्तीमा पाँचवटा बस्तीमा कार्यक्रम

फैलिएपछि गाउँपालिकाको वडाभरि कार्यक्षेत्र राखेर संस्था गठन गर्नु पर्नेछ । यस चरणमा वडास्तरमा महिला संस्था गठन, परिचालन र महिला संस्थाको रणनीति-पत्र तर्जुमा गरेर रणनीतिक प्राथमिकताका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ । कार्यालयको नियमित साथ सम्पर्क र संस्थागत कार्यमा स्रोत सेवा जारी गर्नु पर्नेछ। त्यसपछि बाँकी बस्ती ढाक्ने लक्ष्य कार्यालयको समर्थनमा यथा समय संस्थाबाटै पूरा गर्नु पर्नेछ।

ङ) व्यावहारिक कठिनाइ र साङ्गठनिक आवश्यकताको विचार गर्दा नयाँ वडाको कार्यक्षेत्रमा सामाजिक परिचालन चार वर्षको अवधिमा सम्पन्न गर्नु पर्नेछ । त्यस बीच बस्ती विस्तार र क्रियाकलापको क्रमलाई विभिन्न चरणमा गर्नु पर्नेछ ।

## ८. कार्यक्रमको सोचः

एउटा बस्तीबाट शुरु गरिएको कार्यक्रम अन्तर्गत कार्यालयको सहजीकरण र निरन्तर प्रयासबाट लक्षित महिलालाई गोलबन्द गर्दै गाउँपालिकाको वडास्तरमा सहकारी संस्थाको रुपमा दर्ता गर्ने । सदस्यहरुले गरेको प्रयासबाट भोलिका दिनमा गाउँपालिकाको प्रत्येक वडामा देहायका विशेषता युक्त लैङ्गिक समताको ध्वजावाहक महिला संस्था निर्माण गर्ने ।

**क) सदस्यको अर्थोपार्जनमा सहयोगीः** विपन्नताको अवस्थाबाट पार लगाउने गरी प्रत्येक विपन्न सदस्यको अर्थोपार्जनमा संस्थाले सहयोग पुऱ्याएको हुनेछ । सदस्यहरुका लागि संभाव्य व्यवसाय पहिल्याई प्रत्येकलाई कुनै न कुनै व्यवसाय गर्न समूहबाटै प्रेरित गरिएको हुनेछ । कोही विपन्न भएर बस्नु पर्ने छैन । कसैका छोरा छोरी भोकै हुने छैनन् । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु प्राप्तिका लागि कसैको मुख ताक्नु पर्ने छैन ।

**ख) व्यावसायिक मानकहरूको प्रवर्तकः** सदस्यहरुका उत्पादनको व्यवसायीकरणका लागि गुणस्तर कायम गर्नु अपरिहार्य हुन्छ । त्यसैले इमान्दारी, नैतिकता, भाखा जस्ता व्यावसायिक मानकहरुको

जगेर्नामा सबैको विश्वास हुनु पर्दछ । कसैले छलकपट वा मिसावट गरेमा व्यवसाय चौपट हुने हुँदा सामाजिक जाँच तथा नियन्त्रणको परिपाटी संस्थाले बसाल्नु पर्दछ । बजारको नियम अनुसार पनि मान्छे होइन माल नै बोल्नु पर्दछ अर्थात् गुणस्तरीय सामान मात्र हातहातै बिक्री हुन्छ । त्यसैले सामूहिक प्रयासमा टिकेको व्यवसायमा कुनै एकले गरेको छलले सबैलाई असर गर्न सक्ने कुराको रखवारी संस्थाले गर्नु पर्दछ ।

**ग) स्वावलम्बनको पर्यायवाचीः** सहकारिताको मर्म अनुसार सदस्यको स्रोत सिर्जनामा जोड दिने र बाह्य स्रोत लिनुपर्दा निशर्त स्रोतहरुको परिचालनमा ध्यान पुर्याउनु पर्दछ ।

**घ) सामाजिक परिवर्तनको शक्तिः** लैङ्गिक समानता ल्याउने, समावेशीकरणको भावना बढाउने, कुरीतिजन्य परम्पराको अन्त्यका लागि संस्था लागिपरेको हुनेछ ।

**ङ) महिला सुरक्षाको पहरेदारः** कार्यक्षेत्रमा घरेलु हिंसाको निवारण, मानवबेचविखनको अन्त्य र प्रभावितका लागि सहयोग जुटाउने कार्यमा संस्थाले नेतृत्वदायी भूमिका खेलेको हुनेछ ।

**च) सहकारी सिद्धान्तको परिपालकः** संस्थाले सहकारिताका सातै सिद्धान्तको पालना गरेको हुनेछ । विपन्नतम सदस्यको भूमिका बढाउन प्राथमिकता दिनेछ ।

**छ)** सहभागिताको सुगम मञ्चः महिला समितिको पूर्ण बैठक नै सहभागिताको सुगम मञ्च हो । त्यसैले समूह समितिको व्यवस्था, सबै समूह सदस्यलाई समितिको बैठकमा बोलाउने चलन र नेतृत्व मात्र नभई अनुयायित्व विकासमा समेत संस्थाले जोड दिएको हुनेछ । कार्यक्रममा प्रत्येक व्यक्ति सशक्तोग्य हुन्छ भन्ने मानव विकासको मान्यता राखिएको छ । महिला विकास कार्यक्रममा विपन्न महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणको न्यूनतमस्तर हासिल गर्नका लागि लक्षित समूह सहभागिता र व्यक्तित्व विकास प्रशिक्षण (समूह गठन, समिति

गठन र नियमित बैठक, बचत परिचालन, निगरानी समूह समेत अनुशिक्षण, आधारभूत, नेतृत्व तथा संस्थागत विकास तालिम आदि) क्रियाकलाप संचालन गर्न सकिनेछ ।

## परिच्छेद २

## कार्यक्रम/कृयाकलापहरु सम्बन्धी

### १. संस्थागत विकासः

संस्थागत विकास अन्तरगत सस्था गठन र दर्ता, अवस्था विश्लेषण, रणनीतिपत्र तर्जुमा, रेखांकन भ्रमण, बीउपुंजी परिचालन, महिला संस्थामाझ चौमासिक अन्तरक्रिया, समीक्षा, सिकाइ, भवन निर्माण र रणनीतिक प्राथमिकताका क्रियाकलाप सञ्चाल गर्न सकिनेछ ।

### २. व्यवसायिक समूह विकास

व्यवसाय छनौट, सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च, अध्ययन, बहुउपयोगी अनुदान, बजार सम्बर्द्धन एवं मूल्य विक्री विकासका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

### ३. विद्यालय विमुख किशोरीको बहुआयामिक विकास

लक्षित किशोरीलाई जीवनोपयोगी तालिम, किशोरी सूचना तथा परामर्श केन्द्र, महिला संस्था मार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, व्यावसायिक किशोरी समूह विकास, किशोरीलाई सीप तथा व्यावसायिकता विकास तालिम, व्यवसाय स्थापना खर्च अनुदान, स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, अन्तरसमूह रेखाङ्कन भ्रमण, किशोरी समूहका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया गर्न सकिनेछ ।

### ४. लैङ्गिक हिंसा निवारण तथा सामाजिक व्यवहार परिवर्तन

लैङ्गिक हिंसा निवारण, घरेलु हिंसाबाट प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रय सहित सेवा केन्द्र सञ्चालन, जिल्ला सेवा केन्द्र, सामुदायिक

सेवा केन्द्र, लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम, छाउपडी प्रथा विरुद्ध सामाजिक जागरण, अभिभावक, शिक्षक/शिक्षिकाहरू तथा सामुदायिक अगुवाहरूका लागि लैङ्गिक संवेदनशील तालिम, मधेशी मुस्लिम महिलाहरुको सशक्तीकरण, यौनिक अल्पसंख्यकलाई सशक्तीकरण ।

## ५. सामाजिक सुरक्षा

महिला बालबालिका तथा समाजकल्याण इकाईमा अपाङ्गमैत्री सहायता कक्षमा दोभाषेको व्यवस्थाका लागि राष्ट्रिय बहिरा सङ्घ अन्तर्गतका संस्थालाई आव्हान, अपाङ्ग परिचय पत्र वितरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण ।

## ६. मानव बेचबिखन नियन्त्रण

मानव बेचविखन विरुद्ध गाउँपालिका स्तरीय समिति गठन र बैठक सञ्चालन, मानब बेचबिखन अन्त्यका लागि सामुदायिक परामर्श कार्यशाला तथा कार्ययोजना तर्जुमा, सामुदायिक कार्ययोजना अनुसारका क्रियाकलाप सञ्चालन, सुरक्षाकर्मी र सार्वजनिक सवारी चालक तथा परिचालकहरूसँगको सहकार्य प्रवर्द्धन कार्यशाला, डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमन, सन्देशमूलक सामग्री प्रकाशन, पुनस्र्थापना गृहहरूको निरीक्षण ।

## ७. बाल अधिकारको प्रवर्द्धन

गाउँपालिका स्तरीय बालसञ्जाल गठन, गाउँ बालसंरक्षण तथा संवर्द्धन समिति गठन, बालसञ्जाल र गाउँ बालसंरक्षण तथा संवर्द्धन समितिका सदस्यहरूको अनुशिक्षण, बाल भेला, विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापना, बालगृहहरूको संयुक्त निरीक्षण, बालविवाह विरुद्धको अभियान, बालअधिकार सम्बन्धी जनचेतनामूलक सन्देश पाटी निर्माण, बालमैत्री गाउँपालिका घोषणा, विपन्न शिशु पोषण सहयोग, बाल क्लबहरुसँग नियमित अन्तर्क्रिया सचालन ।

## ८. लैङ्गिक मूलप्रवाहीकरण

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण अन्तर्गतका कार्यक्रमको सहभागितात्मक लैङ्गिक लेखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा, वडास्तरीय लेखाजोखा, गाउँपालिकास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, लैङ्गिक सरोकारका विषयगत अध्ययन, पालिका लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशन, जनप्रतिनिधि, कर्मचारी तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, सञ्जाल सदस्यमाझ अन्तरक्रिया, मूलप्रवाहीकरण समन्वय समितिको बैठक, लैङ्गिक सम्पर्क- विन्दुहरूको बैठक, लैङ्गिक सम्पर्क-विन्दु तथा सूचीकृत गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, संयुक्त स्थलगत अवलोकन, राजनीतिकदल लगायतका सरोकारवालाको सहभागितामा समीक्षा बैठक ।

## ९. सूचना, शिक्षा र सञ्चार

महिला संस्थाको तुलनात्मक विवरण, वार्षिक प्रगति प्रतिवेदन, वृत्तचित्र निर्माण, जनचेतनामूलक सन्देश प्रवाह, परिचय÷चित्र सन्देश प्रकाशन, दिवसीय कार्यक्रम, कार्यक्रमको सार्वजनिक परीक्षण ।

## १०. आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन

मनोसामाजिक विमर्श केन्द्र स्थापना, लैङ्गिकतामा आधारित हिंसा, बालबालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुनसक्ने शोषणको रोकथामका लागि निगरानी समूह, समितिको परिचालन, महिला संस्था, समिति, समूहहरूको पुनर्जागरण, महिला संस्थाका पदाधिकारी र व्यवस्थापकहरूको अनुशिक्षण, निगरानी समूह, समितिका सदस्यहरुलाई आपत्कालीन संरक्षण सेवा कार्यगत प्रशिक्षण, संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक, हिंसामा परेकाहरुलाई मनोपरामर्श सेवा ।

**११. सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा**

महिला संस्थामा रेखदेख केन्द्र स्थापना र सेवा सञ्चालन, बालबालिका उपर हुने शारीरिक तथा मानसिक ज्याजती विरुद्ध अभियान महिला संस्थालाई कार्यक्रम अनुदान प्रदान गर्न सकिने ।

**१२. अपाङ्गता भएका व्यक्तिहरु**

अपाङ्गता भएका व्यक्तिहरुको छुट्टै समूह गठन, अपाङ्गता अधिकार सम्बन्धी पैरवी, सचेतना, सीप विकास सम्बन्धी कार्यक्रम सन्चालन गर्न सकिने ।

## परिच्छेद ३
## सेवा सञ्चालन सम्बन्धी

### १. सेवा सञ्चालन प्रकृयाः

### १.१ तालिम, गोष्ठि कार्यक्रम

विपन्न वर्ग, अनभीज्ञ, विभेदित ग्रामिण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखी लक्षित समुदायको आर्थिक-सामाजिक अवस्थामा सुधार गरि उनिहरुमा अन्तरनिहित ज्ञान सीप अभिवृद्धिको लागि मायादेवी गाउँपालिकामा मूलतः निम्नानुसार तालिम कायान्र्वयनमा केन्द्रित रहनेछ।

### १.१.१ गाउँपालिका स्तरीय तालिम/गोष्ठी

क) परिचय/पृष्ठभूमिः

गाउँपालिका स्तरीय तालिम भन्नाले गाउँपालिकाको कार्यालय वा अन्य ठाउँ जहाँ सञ्चालन गरिने भएता पनि सहभागीको लागि (आफ्नो घर वा साविकको बसोबास वा आफ्नै वडा भन्दा बाहिर) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ । यो तालिम/गोष्ठी गाउँपालिका स्तरमा १-७ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिममा २५-३० जना लक्षित वर्ग सहभागी हुनेछन् ।

ख) कार्यक्रमको उद्देश्यः

लक्षित वर्ग विशेष आर्थिक-सामाजिक अवस्थामा सुधार गरी उनिहरुमा अन्तरनिहित ज्ञान सीप अभिवृद्धि गर्नु ।

ग) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

तालिममा सहभागी छनौट विपन्न, एकल महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक जसलाई सञ्चालन गरिनुपर्ने सोही अनुसार सञ्चालन गर्नुपर्नेछ । तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरु सँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

- सहभागीलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामाग्रीहरु (श्रव्य दृश्य सामाग्रीहरु) को व्यवस्था मिलाउने ।
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने।

घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

- गाउँपालिकास्तरीय तालिमको हकमा गाउँपालिकाबाट स्वीकृत मापदण्डलाई आधार लिई तालिम खर्च गर्नु पर्नेछ ।
- एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्दछ ।
- कार्यपत्र तयार पार्दा प्रशिक्षार्थीहरुको स्तर सुहाउँदो शब्दावलीहरु तथा भाषा प्रयोग गर्नु पर्दछ ।
- यसरी तयार पारिएको कार्यपत्रहरु कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनुपर्छ ।

- पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामाग्रीको छायाँ प्रति कार्यपत्र हुँदैन् ।
- एकपटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरु समेत समावेश गरी परिमार्जन गरेर मात्रप्रयोग गर्नुपर्नेछ ।
- प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षार्थीहरुको स्तर, कर्यपत्रको शीषर्क, प्रस्तुत कर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नु पर्नेछ ।

### १.१.२ स्थलगत तालिम

क) परिचय/पृष्ठभूमिः

गाउँपालिका भित्रका महिला समूह, किशोरी, बालक्लब, ज्येष्ठ नागरिकलाई छोटो समय अवधिको स्थलगत तालिम साञ्चालन गर्न जरुरी भएकोले यस किसिमको तालिम सम्बन्धित लक्षित समुदायका बीचमा साञ्चालन गर्न आवस्यक महसुस भएको छ ।

ख) कार्यक्रमको उद्देश्यः

लक्षित समुदायलाई आइपरेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने ।

ग) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- स्थलगत तालिम १ देखि ५ दिन अवधिको हुनेछ ।
- स्थलगत तालिम लक्षित समुदायमा सञ्चालन हुनु पर्नेछ ।
- स्थलगत तालिममा न्यूनतम २५ र बढीमा ३० जना सहभागी हुने छन् ।

- स्थलगत तालिमममा सहभागीहरुले दैनिक भ्रमण भत्ता र होटलबास खर्च पाउने छैनन् ।
- स्थलगत तालिममा १ दिनमा ४ वटा भन्दा बढि कक्षा राखिने छैन ।

घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

- तालिम सञ्चालन गर्दा सकेसम्म वडा भित्रका सम्बिन्धत लक्षित वर्गमा नै सञ्चालन गर्नु पर्नेछ ।
- तालिम सञ्चालन हुने मिति, समय र स्थान निधो गरी सो को जानकारी सम्बिन्धत सहभागीलाई पहिले नै गराउनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

१. समूह दर्ताः महिला, बालवालिका तथा समाजकल्याण इकाईको सहजीकरणमा गाउँगाउँमा महिला समूह गठन गर्नु पर्नेछ र सो समूहलाई महिला, बालबालिका तथा समाज कल्याण इकाईमा दर्ता गर्नु पर्नेछ । वार्षिक रुपमा समूह नवीकरण तथा अध्यावधिक गरी शाखामा जानकारी दिनु पर्नेछ ।

२. समूह दर्ता शुल्कः मायादेवी गाउँपालिको राजस्व शाखामा २०० अक्षरुपी दुईसय रुपिया राजस्व तिरेको रसिद सहित शाखामा समूह दर्ता गराउनु पर्दछ। वार्षिक रुपमा नवीकरण गर्दा रु १०० (अक्षरुपी रु एक सय) तिरी नवीकरण गर्नु पर्नेछ ।

३. मासिक बचत, लगानीको विवरण चुस्त दुरुस्त राखी शाखालाई जानकारी गराउनु पर्दछ ।

४. बचाउ तथा खारेजीः अन्य कुरा जे सुकै भए ३५ जनासम्म महिलाहरुको समूह, अपाङ्गता भएका व्यक्तिहरुको समूह, किशोरी समूह, ज्येष्ठ नागरिक समूह जुन मासिक रुपमा नियमित बैठक बस्ने र आ-आफ्नो वर्गको अधिकतर

हितमा क्रियाशील समूहहरु गाउँपालिको राजश्व शाखामा रु १०० तिरेर महिला, बालवालिका तथा समाजकल्याण इकाईसमूह दर्ता गराउन सक्नेछन् । समूह दर्ता गराउँदा समूहको नाम, मासिक बैठक बस्ने दिन, समय र स्थान, सदस्य संख्या, बचत रकम समूहको विधान स्पष्ट खुलाएर समूहको दर्ता गराउनु पर्नेछ ।

५. मायादेवी गाउँपालिकामा यस अघि कृयाशील समूहहरु यसै कार्यविधि बमोजिम गठन भएका मानिनेछन्, वार्षिक रुपमा गाउँपालिकामा नवीकरण गर्नु पर्नेछ ।

# अनुसूची १

## ............................समूहको विधान (नमुना)

**प्रस्तावना**

हितकोष संकलन तथा परिचालन, गाउँपालिकाबाट विनियोजित विविध कार्यक्रम सञ्चालन, सिप विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरी आयवृद्धि गरी आत्मनिर्भर हुनको लागि मायादेवी गाउँपालिका कार्यालयको सहयोगमा श्री ............................................ महिला विकास समूह गठन गर्यौं ।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क. यस समूहको नाम "श्री ...................... महिला विकास समूह, २०...." रहने छ ।

ख. यो विधान मायादेवी गाउँपालिकाको कार्यालयमा दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क. समूह भन्नाले यस विधानमा उल्लेखित हितकोष संकलन तथा परिचालन, सिप विकास कार्यक्रम आदि संचालन तथा व्यवस्थापन गरी आयवृद्धि गरि आत्मनिर्भर हुन संगठित महिलाहरुको समूहलाई जनाउने छ ।

ख. सदस्य भन्नाले महिला जो ............................ महिला विकास समूहको उद्देश्य अनुसार सिप विकास कार्यक्रम संचालन तथा व्यवस्थापन गरी आयवृद्धि गरि आत्मनिर्भर हुन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग. कार्य समिति भन्नाले "विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ. साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**१.३ समूहको छापः**

मायादेवी गाउँपालिकाको लोगो अँकित गोलो घेरा भित्र यस समूहको नाम "श्री ............... .............. ..............महिला विकास समूह .............. साल हुनेछ ।

**१.४ समूहको कार्यालयः**

यस समूहको कार्यालय रुपन्देही जिल्ला मायादेवी गाउँपालिका वडा नं. .......... मा रहनेछ ।

**१.५ समूहको दर्ताः**

महिला विकास समूह मायादेवी गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

## २.उद्देश्य र कार्यः

**२.१ उद्देश्य**

सदस्यहरुको सामाजिक, आर्थिक, व्यवसायिक सिप, आयआर्जनको हितलाई ध्यान राखि देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछ ।

क. व्यवसायिक सिप विकासबाट उत्प्रेरित भई उत्पादन वृद्धिका लागि एक जुट भई काम गर्ने ।

ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।

ग. सदस्यहरुमा स्वालम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावनाको विकास गर्ने ।

**२.२ कार्य**

समूहको विधानको दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

क. व्यवसायिक सिप सिकि आयवृद्धिको काम गर्ने ।

ख. उन्नत प्रविधि अपनाउने ।

ग. सदस्यहरुको सिप विकासका लागि कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने ।

घ. समूहको वार्षिक योजना तयार गरि लागू गर्ने

ङ. हितकोष संकलन, परिचालन, सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराउने

च. अन्य महिला विकासकार्यक्रमहरु सञ्चालन गर्ने ।

## ३.सदस्यता

एउटै उद्देश्य र समान आर्थिक अवस्था भएका र यस समूहको विधानको परिधि भित्र रहने इच्छा भएका व्यक्तिहरु समूहको सदस्य हुने छन् ।

### ३.१ सदस्यको लागि योग्यता

क) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

ख) समूहको विधान अनुसारकार्य गर्न मन्जुरी भएको ।

ग) महिला-महिला बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

घ) सदस्यताको लागि १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

### ३.२ साधारण सदस्यः

सदस्यता शुल्क रु.......... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले समूहले तोकेको मासिक बचत प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

### ३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठह्रयाई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिनुपर्ने रकम ३ महिना सम्म नतिरेमा।

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा ।

ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा

घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

ङ) मत्यु भएमा ।

च) समूहको सिद्धान्त वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा ।

छ) कानुनले निशेध गरेको अन्य कार्य गरेमा ।

## ४. साधारण सभा तथा कार्य सिमित

### ४.१ साधारण सभाः

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् साधारणा सभा समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा एक पटक बस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ ।

### ४.२ साधारण सभाको अधिवेशनः

कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान,समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

### ४.३ साधारण सभाको काम, कर्तव्य र अधिकार :

क) कार्य समितिको निर्वाचन गर्न तथा गठन गर्न ।

ख) विधान संशोधन गर्न ।

ग) वार्षिक बजेटको अनुमोदन गर्न ।

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्न ।

ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।

च) समूहले कार्य योजना बनाउँदा महिला विकाससँग सम्बन्धित कार्यक्रम बनाउने ।

## ४.४ साधारण सभाको गणपूरक संख्याः

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहको उपिस्थितमा हुनु पर्नेछ । यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपिस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

## ४.५ कार्य समिति गठन विधि :

क) कार्य सिमित ७ देखी ११ सदस्यीय हुनेछ ।

ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य हुनेछन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिनेछ ।

ग) कार्य समितिका पदाधिकारीहको बैठक हरेक महिनाको एक पटक अनिवार्य तर आवश्यकता भए अन्य समयमा पनि बस्न सक्नेछ।

घ) कार्य समितिको पदाधिकारीहको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निणर्य बहुमद्धारा हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहको चयन गरि कार्य समिति गठन गर्नेछ ।

## ४.६ कार्य समितिको काम, कतर्व्य र अधिकार :

- विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालन गर्ने ।

- समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलाप संचालन गर्ने ।
- सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने महिला विकास सम्बन्धी अन्य सघं संस्थाहरुसँग सम्पर्क गरि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।
- सहकारीमा जाने प्रयास गर्ने ।
- समूहको कार्ययोजना बनाई लागु गर्ने ।
- समूहको वार्षिकप्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

### ४.७ समूहको बैठक :

समूहको नियमित बैठक प्रत्येक महिना समूहले तोकेको ठाउँ, मिति र समयमा नियमित रुपमा बस्ने छ । पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्छ । लगातार तीन बैठकमा उपस्थित नहुने सदस्यलाई समूहको सहमतिको आधारमा निष्कासित गरिनेछ ।

## ५. पदाधिकारीको काम, कर्तव्य र अधिकार

### ५.१ अध्यक्षको काम कर्तव्य अधिकारः

- आवश्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई कृयाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने
- समूहले तोकेको काम कारबाही गर्ने ।
- समूहमा उठेका विवाद समाधान गर्ने ।
- समूह र स्थानीय तहको सम्बिन्धत निकाय सँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।

- समूहको निणर्य, कार्यक्रम र कृयाकलाप, भएका कारवाही एवं समस्याहको अभिलेख राख्न सचिवलाई सहिजकरण गर्ने ।
- वार्षिक कार्ययोजनाको कायान्र्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।
- समूह बैठकमा भएका निर्णय, वार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बिन्धत निकायमा पेश गर्ने ।
- समूह सदस्यहलाई आफ्ना समस्याहको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कायान्र्वयन गर्न लगाउने ।
- सदस्यहलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समूह सदस्यहरु बीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने।

## ५.२ उपाध्यक्षको काम, कतर्व्य र अधिकार

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

## ५.३ सचिवको काम, कतर्व्य र अधिकार

- अध्यक्षसंगको परामर्शमा बैठक बोलाउने ।
- बैठकको तयारी गर्ने ।
- समूहको निणर्य पुस्तिका तयार गर्ने ।
- समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- समूह बैठक एवं साधारणसभाबाट पारीत निणर्यको कायान्र्वयनका लागि पहल गर्ने ।
- वार्षिक प्रतिवेदन तयार पारी साधारण सभामा पेश गर्ने ।
- समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

### ५.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूह हितकोष व्यवस्थापन गर्ने ।
- समूहको सबै कोषको हिसाब किताब सुरिक्षत र दुरुस्त राख्ने ।
- समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूहको वार्षिक बजेट तयार पार्न र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरीक्षण गराउने ।
- समूह अध्यक्ष वा सचिव सँग मिली खाता सञ्चालन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

### ५.५ कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकार

- आवश्यकता अनुसार समूहका अन्य उपसिमितमा रहि जिम्मेवारी बहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

## ६. आर्थिक व्यवस्था

### ६.१ आर्थिक श्रोतः

क) यस समूहको सदस्यहरुबाट उठेको सदस्यता शुल्क,

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी,

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम,

घ) समूहबाट ऋण लगानी गर्दा उठेको व्याज,

ङ) समूहले अन्य संघ/ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ............... प्रतिशत लेबी,

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत,

छ) बिलम्व शुल्कबाट,

ज) अन्य.......

### ६.२ हितकोष :

क) श्री ..............................महिला बिकास समूहको एक हितकोष हुने छ ।

ख) श्री ............................बैंकमा समूहको खाता रहने छ ।

## ६.३ हितकोष परिचालन :

क) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/ सापटी लिन सकिने छ ।

ख) सदस्यले ऋण माँग गर्ने अनुसूची ४ अनुसार निवेदन दिनुपर्ने छ ।

ग) कृषि कार्यको लागि लिइएको ऋणमा ............... प्रतिशत मासिक व्याज लाग्नेछ ।

घ) अन्य ऋणमा .................. प्रतिशत मासिक व्याज लाग्ने छ ।

ङ) मासिक व्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

च) ऋण लिंदा ऋण रकमको .........प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

छ) .................बैंकमा समूहको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तिरक लगानी) मा विभाजन गर्न सकिन्छ ।

**क) आवश्यक खर्चः**

आवस्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ।

- कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा ।
- अन्य संस्थासँग सदस्यता लिंदा तिर्नुपर्ने खर्च र वार्षिक नवीकरण खर्च ।
- लेखा परिक्षण खर्च ।
- साधारण सभा खर्च ।
- विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तिरक लगानीः**

आन्तिरक लगानी भन्नाले समूह भित्रको सदस्य बिचको लगानी भन्ने जनाउँदछ । जस्तैः-

- उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद-बिक्री)
- मल, बीउ, बाली संरक्षण, तरकारी बोट विरुवा किन्न र प्रयोग गर्न
- आयमुलक कार्य गर्न (फलफुल खेति, पशुपालन आदि) ।
- घरेलु आयमुलक कार्य गर्न (स्थानीय सिप, सिलाई बुनाई, मौरी पालन, तरकारी खेती, करेसाबारी आदि)
- सामाजिक कार्य जस्तै सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, महिला विकास, वातावरण संरक्षण आदि)
- सिप विकास जस्तै प्याकिङ, नसर्री, तालिम
- बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण, गोष्ठी आदि ।
- पूँजीलगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

**६.४ बिलम्ब शुल्कः**

क) मासिक बचत रकम तोकेको समयमा नितरेमा पहिलो महिना प्रति दिन रु. ......... बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु. ...... बिलम्ब शुल्क लाग्ने छ ।

ग) तेस्रो महिना प्रति दिन रु. ........... बिलम्ब शुल्क लाग्ने छ ।

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण, किस्ता र व्याज नबुझाएमा प्रहिलो महिना रु. .......... प्रति दिन दोस्रो महिना रु. ........ प्रति दिन र तेश्रो महिना रु. ......... प्रति दिन बिलम्ब शुल्क लाग्ने छ। चौथो महिना ऋण रकम व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।

ज) ऋण लिएको सदस्यले अर्को सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनको लागि ........ रकम सम्म एक सदस्यको जमानी, ...... रकम सम्म दुई सदस्य र ....... रकम सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

**६.५ लगानीको सुरक्षणः**

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउने छ । यदि व्यक्तिको नाममा संकिलत हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ । ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र व्याज रकम नितरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुल उपर गरिनेछ । यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचिलत नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ । ऋण लगानी एवं असुल उपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ । ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन । समूहमा बचत रकम निश्चित समय पश्चात सदस्यहरुले निश्चित प्रतिशत सदस्यहरु आफैले फिर्ता गर्न सक्नेछन् ।

**६.६ लेखापिरक्षण :**

प्रत्येक महिला बिकास समूहले आफ्नो समूहको हिसाव किताव स्पस्ट रुपमा राख्नु पर्नेछ । लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखा परिक्षणहरु वार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ । मुनाफा सम्पुर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछि निजको हिसाव खातामा जम्मा गर्नु पर्दछ ।

## ७. विविध

### ७.१ निर्वाचन सम्बन्धी व्यवस्थाः

यस समूहको कार्यसमिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निवार्चन अधिकृत नियुक्त गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा लाग्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

### ७.२ पदावधिः

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ ।

ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्नेछ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कायालर्य सचिव भए सो लाई बुझाई सो को भरपाई लिन पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्नेछ ।

**७.३ उम्मेदवारको अयोग्यताः**

क) (व्यक्ति) जो महिला समूहमा छैन ।

ख) (व्यक्ति) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ ।

ग) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

घ) फौजदारी अभियोगमा सजाए पाएको व्यक्ति ।

**७.४ अविश्वासको प्रस्तावः**

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**७.५ राजीनामाः**

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् । कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनिहरु आफ्नो पदमा बहाली रही रहने छन् ।

**७.६ विधान संशोधनः**

समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संसोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ । साथै संशोधित विधान मायादेवी गाउँपालिकाबाट अनुमोदित नभएसम्म संसोधन भएको मानिने छैन ।

**७.७ नियम बनाउनेः**

साधारण सभाले आन्तिरक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप-सिमितहरु गठनः**

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य पुरा गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**७.९ विघटनः**

समूहको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकि वा उद्देश्य पुरा गर्न असफल भए वा २ वषर्सम्म समूह नवीकरण नभएमा समूह विघटन हुने छ । यसरी समूह विघटन भए बचत रकम सम्पुर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/ सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पुर्ण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनैपनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ।

**७.११ समूहको चल अचल सम्पति :**

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पति मायादेवी गाउँपालिकाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा मायादेवी गाउँपालिकाको न्यायिक समिति समक्ष निवेदन पेश गर्न सकिनेछ र सो सन्दर्भमा न्यायिक समितिको निर्णय नै अन्तिम हुनेछ ।

**७.१२ समूह दर्ता र नवीकरण**

मायादेवी गाउँपालिकामा गठन भएका महिला विकास समूहहरु मायादेवी गाउँपालिकामा रु. २०० (दुई सय) राजश्व तिरी दर्ता हुनेछन् ।
वार्षिक रु. १०० (एक सय) राजश्व तिरी नवीकरण गर्नु पर्नेछ ।

## फारम नं. १

## ............................... समुह दर्ता फारम

१. दर्ता नं.ः-
२. समुहको नामः-
३. समुहको ठेगानाः- जिल्ला .................. गा.पा. ...........................
वडा नं. ........
४. गठन मितिः-
५. समुहको किसिमः
६. जम्मा सदस्य संख्याः-
७. गठन हुँदा समुहको उद्देश्यः-

## अनुसूची १

## समूह दर्ताको लागि निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
मायादेवी गाउ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही ।

विषयः **समूह दर्ता सम्बन्धमा ।**

यस मायादेवी गाउँपालिका वडा नं. ........ मा गठन भएको ................................ समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित अनुरोध छ ।

**समूहको विवरण**

महिला विकास समुहको नामः .................................................. स्थापना वर्षः ..............

मायादेवी गा.पा., वडा नं.ः ............ टोलः ...........................

समूहको उद्देश्यः ................................................................ समूहको किसिमः.............

सदस्य संख्याः .........................

**पदाधिकारीहरुको नामः**

| क्र. सं. | नाम थर | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिनः ......................
प्रति महिना समूहको हितकोषमा जम्मा संकलन हुने रु. .......................
हालसम्म हितकोमा जम्मा रकम रु. ................................

...........................

**अध्यक्ष**

## अनुसूची २

## समूह सदस्यताको लागि निवेदनको ढाँचा

मितिः ........................

श्री अध्यक्ष ज्यू,

....................................महिला विकास समूह,

....................., रुपन्देही ।

महोदय,

मलाई यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्ने इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**विवरण**

नामः-

बावुको नामः-

ठेगानाः-

शैक्षिक योग्यताः-

समूहको सदस्यताको सिफारिसः-

१) नामः दस्तखतः

२) नामः दस्तखतः

..........................

**निवेदक**

## अनुसूची ३

## ऋण माग फारामको नमुना

मितिः ........................

श्री अध्यक्ष ज्यू,
....................................महिला विकास समूह,
....................., रुपन्देही ।

**विषय : ऋण उपलब्ध गराईदिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मलाई ......................................................... कामको लागि रु. ................... (अक्षरुपी ........................................) समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनुहुन अनुरोध गदर्छु । साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार ............. (अक्षरुपी ...................................... मा) ऋण किस्ता, मासिक व्याज, मासिक बचत नियमितरुपले प्रत्येक महिना बुझाउने छु ।

**जमानी सदस्यहरु :**

१. दस्तखतः नामः ठेगानाः

२. दस्तखतः नामः ठेगानाः

...........................

**निवेदक**

**कायार्लय प्रयोजनको लागि**

माग भए बमोजिमको ऋण रु. .................. (अक्षरुपी ................................) मा मासिक किस्ता रु. ................... (अक्षरुपी ........................................ मात्र) उपलब्ध भएको मितिः ................... उपलब्ध भएको चेक नंः ...................

**कोषाध्यक्ष** **सचिव** **अध्यक्ष**

अनुसूची ४

**प्रमाण-पत्रको ढाँचा**

मायादेवी गाउँपालिका

**गाँउ कार्यपालिकाको कार्यालय,**

बरेवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल।

**प्रमाण-पत्र**

समूह दर्ता पद्धतिलाई सुव्यवस्थित गर्दै महिला विकास कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका वडा नं. ...... टोल ................ मा मिति .............. मा गठित श्री .................................... समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी महिला विकास समूह दर्ता कार्यविधि, २०८१ (मायादेवी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, बरेवा, रुपन्देही ) अनुरुप यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

दर्ता नं. ...................

मितिः .....................

....................................

(प्रमुख प्रशासकीय अधिकृत)

# नविकरण अभिलेख

महिला विकास समूहको नामः ..................................................................

ठेगानाः ..................................... ।

| क्र. सं. | नवीकरण गरेको मिति | समूह दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ५

## समूह सदस्य माझ ३ दिने अनुशिक्षण तालिम

| दिन र मिति | पहिलो कक्षा ११-१२:३० | दोस्रो कक्षा १२:३०-२ | चिया खाजा २-२:३० | तेस्रो कक्षा २:३०-३:३० |
|---|---|---|---|---|
| पहिलो दिन | महिला विकास कार्यक्रम किन? उद्देश्यबारे जानकारी एवं छलफल | समुह, समिति, सहकारी संस्था बारे छलफल एवं जानकारी | | सासु बुहारी बिचको प्रचलित सम्बन्धको विश्लेषण सकारात्मक र नकारात्मक |
| दोस्रो दिन | घरेलु हिंसा, महिला हिंसा तथा प्रचलित कानूनी व्यावस्था र सजाय | लिङ्ग र लैङ्गिकता बारे छलफल | चिया खाजा | न्यायिक समितिका काम कर्तव्यहरुबारे जानकारी र छलफल |
| तेस्रो दिन | स्वास्थ र प्रजनन् स्वास्थ्य बारे जानकारी | ग्रामिण व्यावसाय अर्थ र ३ अ, ३ म र छेको | | महिला सशक्तीकरण के किन, कसरी? |

## अनुसूची ६

## महिला कानुनी अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रमको कार्यतालिका

| दिन र मिति | पहिलो कक्षा | दोस्रो कक्षा | चिया खाजा | तेस्रो कक्षा |
|---|---|---|---|---|
| प्रथम दिन | महिला विकास कार्यक्रमका असल अभ्यासहरु स्थानीय तहमा अनुसशण | पारिवारिक कानुन सम्बन्धी प्रचलित कानुनी व्यावस्था | | फौजदारी कानुन तथा अपराधसँग सम्बन्धी प्रचलित कानुनी व्यावस्था |
| दोस्रो दिन | महिला माथी हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धीका मुख्य मुख्य प्रावधानहरु | लैङ्गिक हिंसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमिका तथा समन्वय | चिया खाजा | वर्तमान घरेलु हिंसा कसुर सजाय एन तथा नियमावलीका मुख्य व्यावस्थाहरु |
| तेस्रो दिन | नेपालको संविधानमा भएका महिलाका मुख्य मुख्य कानूनी व्यावस्थाहरु | परिवर्तित मूलुकी देवानी संहिता सम्बन्धी जानकारी र कार्य स्थलमा हुने दुर्व्यवहार सम्बन्धी जानकारी | | स्थानीय सरकार, न्यायिक समिति, मेलमिलाप सम्बन्धी कानूनी व्यावस्था |

## अनुसूची ७

## बाल मैत्री स्थानीय शासन, बाल संरक्षण तथा बाल अधिकार बारे १ दिने अभिमूखीकरण कार्यक्रमको कार्यतालिका

| दिन र मिति | पहिलो कक्षा ११:००-१२:३० | दोस्रो कक्षा १२:३०-२:०० | चिया खाजा २:००-२:३० | तेस्रो कक्षा २:३०-४:०० |
|---|---|---|---|---|
| पहिलो दिन | बालमैत्री स्थानीय शासनको अवधारणा, उद्देश्य, रणनीतिक सोच, बाल अधिकार सम्बन्धी राष्ट्रिय नीतिहरु, संवैधानिक व्यावस्था र अन्य नियमहरु | स्थानीय तहमा बाल संरक्षण, अवधारणा, नीतिगत व्यावस्था सम्बनन्धी कार्यक्रम | चिया खाजा | बाल संरक्षणमा स्थानीय सरोकारवालाहरुको भूमिका |

# अनुसूची ८

## सासु बुहारी अन्तरक्रियाको कार्यतालिका

| दिन र मिति | पुनराबलोकन १०:३०-११ | पहिलो कक्षा ११-१२:३० | दोस्रो कक्षा १२:३०-२ | चिया खाजा २-२:३० | तेसो कक्षा २:३०-४ |
|---|---|---|---|---|---|
| पहिलो दिन | शुभारम्भ | लैङ्गिकता के हो? लिङ्ग र लैङ्गिकतामा फरक लिङ्ग र लैङ्गिक भूमिका | छोरीलाई छिटो बिवाह गरिदिनुकोकारण र परिणामहरु शारीरिक, सामाजिक र मननोबैज्ञानिक | चिया खाजा | सासु बुहारी बिचको प्रचलित सम्बन्धको विश्लेषण सकारात्मक र नकारात्मक |
| दोस्रो दिन | अघिल्लो दिनको सम्झना | सासु-सासु र बुहारी बुहारीका समस्या | प्रजनन् स्वास्थ्य, प्रजनन् अङ्गहरु र छोरा र छोरी कसरी हुन्छ? | | हिंसा के हो? किन हुन्छ? परिणाम के निस्कन्छ? |
| तेस्रो दिन | अघिल्लो दिनको सम्झना | सुरक्षित मातृत्वमा सासू तथा परिवारका अन्य सदस्यको भूमिका क. गर्भवती हुँदा नियमित ८ पटक जाँच गराउमा ख. सुरक्षित सुत्केरी गराउनमा ग. गर्भवती आमाको उचित पोषणमा इत्यादी | उदारणीय सासू बुहारी बिचको सम्बन्ध कस्तो हुनु पर्दछ? समुह कार्य | | समुहगत प्रतिवेदन प्रस्तुतीकरण र समाप्ती |

## अनुसूची ९

**अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम**

| मिति | १०:३०-१२:०० | | १२:००-१:३० | | २:००-३:३० | | ३:३०-५:०० |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको उद्घाटन, परिचय, उद्देश्य | | अपाङ्गताको परिभाषा, वर्गीकरण | | अपाङ्गताको प्रकार र अवस्था | | अपाङ्गता अधिकारका मुख्य सवालहरु |
| | सहयोगीहरुको भूमिका | ि | अपाङ्गता परिचय-पत्र प्राप्त गर्ने तरिका | न | मायादेवी गाउँपालिकामा अपाङ्गताको अवस्था | ि | सिकाइ सारांश र सहभागीको सुनवाई |

सम्बन्धित अन्य तालिमहरु कार्यतालिका बनाएर तालिम चलाउन सकिनेछ ।

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत